कोल्हवी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
कोल्हवी, बारा
मधेश प्रदेश, नेपाल

पत्र संख्या :२०८०/०८१
चलानी नं. : १०० मिति :२०८०/०४/१२

सुचना । सुचना । सुचना ।।।

श्री सम्बन्धित सवै कृषकहरु
कोल्हवी नगरपालिका, बारा ।

विषय – उखु उत्पादक कृषक दर्ता सम्बन्धि सुचना ।
(प्रथक पटक प्रकाशित मिति २०८०/०४/१२ गते)

प्रस्तुत विषयमा उखु कृषकलाई अनुदान दिने सम्बन्धि कार्यविधि,२०७५(दोस्रो संसोधन,२०७६) अनुसार उखु उत्पादक कृषकहरुलाई अनुदान प्रयोजनको लागि कृषकहरुको लगत विवरण मधेश प्रदेशको कृषि मन्त्रालय, यस जिल्लाको भुक्तानी समिति र सम्बन्धित चिनी उद्योगमा भदौ मसान्त भित्रमा अनिवार्य पठाउनु पर्ने प्रावधान रहेको हुँदा यस नगरपालिकामा उखु खेती गरेका कृषकहरुले यो सुचना प्रकाशित भएको मितिले १५ दिन अर्थात मिति २०८०/०४/२६ गते भित्रमा निम्न बमोजिमको आवश्यक कागजातहरु संलग्न राखी यस नगरपालिकाको कृषि विकास शाखामा दर्ताको लागि आवेदन दिन हुन सम्बन्धित सवै कृषकहरुमा अनुरोध छ । थप जानकारीको लागि मो.नं. ९८४५१९३७१८, ९८११९४६७६१ मा सम्पर्क गर्नु होला ।

आवश्यक कागजातहरु:

१. तोकिएको ढाँचाको आवेदन ।
२. उखु खेती गरेको जग्गा जमिनको ज.ध. प्रमाण पुर्जाको प्रतिलिपी ।
३. नागरिकता प्रमाणपत्रको प्रतिलिपी ।
४. वडा कार्यालयको सिफारिशपत्र ( ज.ध.को नाम, कि.नं., उखुखेती गरेको स्थान, क्षेत्रफल, चार किल्ला, र अनुमानित उखु उत्पादन परिमाण समेत सिफारिशपत्रमा उल्लेख भएको हुनु पर्नेछ)
५. अरुको जग्गामा उखु खेती गरेको भए करार सम्झौता वा करारनामापत्र वा भोगाधिकार खुल्ने कागजातको प्रतिलिपी।

वोधार्थ:-
१. श्री सुचना प्रविधि शाखा, कोल्हवी नगरपालिका - वेवसाईटमा अपलोड गरि दिनु हुन ।
२. श्री वडा कार्यालय सवै (१-११) ,कोल्हवी नगरपालिका – उखु खेती गरेका कृषकहरुलाई समयमा सुचना प्रवाह गरि दिनु हुन ।

२०८०/४/१२
निमित्त प्रमुख प्रशासकीय अधिकृत

निमित्त प्रमुख प्रशासकीय अधिकृत

कोल्हवी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कोल्हवी, बारा
मधेश प्रदेश, नेपाल

श्रीमान् प्रमुख प्रशासकीय अधिकृत ज्यू
कोल्हवी नगरपालिकाको कार्यालय
कोल्हवी, बारा ।

मिति २०८०/ / गते

विषय – उखु उत्पादक कृषक दर्ता गरी पाउँ ।

महोदय,

मैले आफ्नो नाउँको/ अरुको नाउँको कि.नं. ...................... को जम्मा ...................... क्षेत्रफल जग्गामा ........................ जातको उखु खेती गरेको हुँदा आवश्यक कागजातहरु संलग्न राखी निवेदन गरेको छु ।पछि ब्यहोरा झुठा ठहरेमा प्रचलित ऐन, कानून बमोजिमको सहुँला बुझाउने छु । उखु उत्पादक कृषक दर्ता गरी पाउँ ।

<u>संलग्न कागजातहरु:</u>

१. नागरिकता प्रमाणपत्रको प्रतिलिपी ।
२. ज.ध. प्रमाण पुर्जाको प्रतिलिपी ।
३. वडा कार्यालयको सिफारिशपत्र ।
४.
५.

**निवेदकको**

नाम,थर -
ठेगाना -
सम्पर्क नं. -
दस्तखतः -

CamScanner